**07-03-2020 ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन**

**" मीठे बच्चे– तिमीले आफ्नो योगबलबाट सारा सृष्टिलाई पावन बनाउनु छ। तिमी योगबलबाट नै मायामाथि विजय पाप्त गरेर जगतजित बन्न सक्छौ।"**

**प्रश्नः–** बाबाको पार्ट के हो, त्यस पार्टलाई तिमी बच्चाहरूले कुन आधारमा जानेका छौ?

**उत्तरः–** बाबाको पार्ट हो– सबैको दु:ख हरेर सुख दिनु, रावणको जन्जीरबाट छुटाउनु। जब बाबा आउनु हुन्छ तब भक्तिको रात पूरा हुन्छ। बाबा तिमीहरूलाई स्वयं आफ्नो र आफ्नो जायदादको परिचय दिनुहुन्छ। तिमीले एक बाबालाई जान्नासाथ सबै कुरा जानेका छौ।

**गीतः–** तुम्हीं हो माता पिता तुम्हीं हो...

**ओम् शान्ति।** बच्चाहरूले ओम् शान्तिको अर्थ बुझेका छन्, बाबाले सम्झाउनु भएको छ, हामी हौं आत्मा यस सृष्टि ड्रामामा हाम्रो मुख्य पार्ट छ। कसको पार्ट छ? आत्मा शरीर धारण गरेर पार्ट खेल्छ। बच्चाहरूलाई अब आत्म-अभिमानी बनाइरहेको छु। यति समयसम्म देह-अभिमानी थियौं। अब आफूलाई आत्मा सम्झेर बाबालाई याद गर्नु छ। हाम्रा बाबा आउनु भएको छ ड्रामा योजना अनुसार। बाबा आउनु पनि हुन्छ रात्रिमा कहिले आउनु हुन्छ त्यसको तिथि-तारीख कुनै छैन। तिथि-तारीख उनको हुन्छ जो लौकिक जन्म लिन्छन्। उहाँ त हुनुहुन्छ पारलौकिक बाबा। उहाँको लौकिक जन्म छैन। कृष्णको तिथि, तारीख, समय आदि सबै दिन्छन्। उहाँको त भनिन्छ दिव्य जन्म। बाबा यिनमा प्रवेश गरेर बताउनु हुन्छ– यो बेहदको ड्रामा हो। त्यसमा आधाकल्प हुन्छ रात। जब रात अर्थात् घोर अँध्यारो हुन्छ तब म आउँछु। तिथि-तारीख कुनै छैन। यस समय भक्ति पनि तमोप्रधान छ। आधा कल्प हुन्छ बेहदको दिन। बाबा स्वयं भन्नुहुन्छ– मैले यिनमा प्रवेश गरेको छु। गीतामा छ भगवानुवाच तर भगवान मनुष्य हुन सक्दैन। कृष्ण पनि दैवी गुणवाला हुन्। यो मनुष्य लोक हो। यो देव लोक होइन। गायन पनि छ ब्रह्मा देवताए नम:.... उनी हुन् सूक्ष्मवतनवासी। बच्चाहरूलाई थाहा छ– त्यहाँ हाड-मासुको शरीर हुँदैन। त्यो हो सूक्ष्म सेतो छायाँ। जब मूलवतनमा हुन्छ तब आत्मामा न सूक्ष्म शरीरको छायाँ हुन्छ, न त हाड-मासु नै हुन्छ। यी कुरा कुनै पनि मानिसहरूले जानेका छैनन्। बाबाले नै आएर सुनाउनु हुन्छ, ब्राह्मण नै सुन्छन्, अरू कसैले सुन्दैनन्। ब्राह्मण वर्ण हुन्छ नै भारतवर्षमा त्यो पनि तब हुन्छ जब परमपिता परमात्मा प्रजापिताद्वारा ब्राह्मण धर्मको स्थापना गर्नुहुन्छ। अब यिनलाई रचयिता पनि भनिंदैन। नयाँ रचना कुनै रच्नुहुन्न। केवल परिवर्तन गर्नुहुन्छ। बोलाउँछन् पनि– हे बाबा पतित दुनियाँमा आएर हामीलाई पावन बनाउनु होस्। अहिले तिमीलाई पावन बनाइरहनु भएको छ। तिमी फेरि योगबलबाट यस सृष्टिलाई पावन बनाइरहेका छौ। तिमी मायामाथि विजय पाएर जगतजित बन्छौ। योगबललाई विज्ञानको शक्ति पनि भनिन्छ। ऋषि-मुनि आदि सबै शान्ति चाहन्छन् तर शान्तिको अर्थ त जानेका छैनन्। यहाँ त अवश्य पार्ट खेल्नु छ नि। शान्तिधाम हो स्वीट साइलेन्स होम्। तिमी आत्माहरूलाई अब थाहा भएको छ– हाम्रो घर शान्तिधाम हो। यहाँ हामी पार्ट खेल्न आएका छौं। बाबालाई पनि बोलाउँछन्– हे पतित-पावन, दु:ख-हर्ता, सुख-कर्ता आउनुहोस्, हामीलाई यस रावणको जन्जीरबाट छुडाउनुहोस्। भक्ति हो रात ज्ञान हो दिन। रात मुर्दाबाद हुन्छ फेरि ज्ञान जिन्दाबाद हुन्छ। यो खेल हो सुख र दु:खको। तिमीलाई थाहा छ– पहिला हामी स्वर्गमा थियौं फेरि उत्रिँदा-उत्रिँदा तल नर्कमा परेका छौं। कलियुग कहिले खतम हुन्छ फेरि सत्ययुग कहिले आउँछ, यो कसैले पनि जानेका छैनन्। तिमीले बाबालाई जानेपछि बाबाद्वारा सबै कुरा जान्यौ। मानिसहरू भगवानलाई खोज्नको लागि कति धक्का खान्छन्। बाबालाई चिनेकै छैनन्। तब जानेका छन् जब बाबा आएर आफ्नो र जायदादको परिचय दिनुहुन्छ। वर्सा बाबाबाट नै मिल्छ आमाबाट मिल्दैन। यिनलाई मम्मा पनि भनिन्छ तर यिनीद्वारा वर्सा मिल्दैन, यिनलाई याद पनि गर्नु पर्दैन। ब्रह्मा, विष्णु, शंकर पनि शिवका बच्चाहरू हुन्– यो पनि कसैले जान्दैन। बेहद सारा दुनियाँका रचयिता एकै बाबा हुनुहुन्छ। बाँकी सबै हुन् उनका रचना वा हदका रचयिता। अब तिमी बच्चाहरूलाई बाबा भन्नुहुन्छ– मलाई याद गर्यौ भने तिम्रो विकर्म विनाश हुन्छ। मानिसहरूले बाबालाई जानेका छैनन् त्यसैले कसलाई याद गर्ने? त्यसैले बाबा भन्नुहुन्छ– कति अनाथ बनेका छन्। यो पनि ड्रामामा निश्चित छ।

भक्ति र ज्ञान दुवैमा सबैभन्दा श्रेष्ठ कर्म हो– दान गर्नु। भक्तिमार्गमा ईश्वर अर्थ दान गर्छन्। के को लागि? कुनै

कामना त अवश्य रहन्छ। सम्झन्छन्– जस्तो कर्म गरिन्छ त्यसको फल अर्को जन्ममा पाइन्छ, यस जन्ममा जे गर्छन् त्यसको फल अर्को जन्ममा पाउँछन्। जन्म-जन्मान्तर पाउँदैनन्। एक जन्मको लागि फल मिल्छ। सबैभन्दा सर्वोच्च कर्म हो दान। दानीलाई पुण्यात्मा भनिन्छ। भारतवर्षलाई महादानी भनिन्छ। भारतवर्षमा जति दान हुन्छ त्यति अरू कुनै खण्डमा हुँदैन। बाबा पनि आएर बच्चाहरूलाई दान गर्नुहुन्छ, बच्चाहरूले फेरि बाबालाई दान गर्छन्। भन्छन् बाबा हजुर आउनु भयो भने हामी आफ्नो तन-मन-धन सबै हजुरलाई समर्पण गर्छौं। बाबा बाहेक हाम्रो कोही छैन। बाबा पनि भन्नुहुन्छ– मेरा लागि तिमी बच्चाहरू नै हौ। मलाई भनिन्छ नै हेविनली गड फादर अर्थात् स्वर्गको स्थापना गर्नेवाला। म आएर तिमीलाई स्वर्गको बादशाही दिन्छु। बच्चाहरू मेरो लागि सबै कुरा दिन्छन्, बाबा सबै चीज हजुरको हो। भक्तिमार्गमा पनि भन्दथे– बाबा, यो सबै हजुरले दिनुभएको हो। फेरि त्यो गयो भने दु:खी हुन्छन्। त्यो हो भक्तिको अल्पकालको सुख। बाबाले सम्झाउनु हुन्छ– भक्तिमार्गमा तिमी मलाई दान-पुण्य गर्छौ अप्रत्यक्ष त्यसको फल त तिमीलाई मिलिरहन्छ। अब यस समय मैले तिमीलाई कर्म-अकर्म-विकर्मको रहस्य सम्झाउँछु। भक्तिमार्गमा तिमी जस्तो कर्म गर्छौ त्यसको अल्पकालको सुख पनि मद्वारा तिमीलाई मिल्छ। यी कुरा बारे दुनियाँमा कसैलाई थाहा छैन। बाबा नै आएर कर्मको गति सम्झाउनु हुन्छ। सत्ययुगमा कहिल्यै कसैले नराम्रो कर्म गर्दैनन्। सधैं सुख नै सुख छ। याद पनि गर्छन् सुखधाम, स्वर्गलाई। अहिले बसेका छौ नर्कमा। फेरि पनि भन्छन्– फलानो स्वर्ग गयो। आत्मालाई स्वर्ग कति राम्रो लाग्छ। आत्माले नै भन्छ– फलानो स्वर्ग गयो। तर तमोप्रधान भएको कारण उनीहरूलाई केही पनि थाहा छैन– स्वर्ग के हो, नर्क के हो? बेहदका बाबा भन्नुहुन्छ– तिमीहरू सबै कति तमोप्रधान बनेका छौ ड्रामालाई त जानेका छैनन्। सम्झन्छन् पनि, सृष्टिको चक्र घुमिरहन्छ भने अवश्य हुबहु घुम्छ होला नि। उनीहरू केवल भन्न मात्र भन्छन्। अहिले यो हो संगमयुग। यस एउटै संगमयुगको गायन छ। आधा कल्प देवताहरूको राज्य चल्छ फेरि त्यो राज्य कहाँ गयो, कसले जित्छ? यो पनि कसैलाई थाहा छैन। बाबा भन्नुहुन्छ– रावणले जित्छ। उनीहरूले फेरि देवता र असुरहरूको लडाईं बसेर देखाएका छन्।

अब बाबा सम्झाउनु हुन्छ– ५ विकाररूपी रावणसँग हार्छन् फेरि रावणमाथि विजय पनि प्राप्त गर्छन्। तिमी त पूज्य थियौ फेरि पुजारी पतित बन्छौ त्यसैले रावणसँग हार्यौ नि। यो तिम्रो दुस्मन हुनाको कारण तिमी सधैं जलाउदै आएका छौ। तर तिमीलाई थाहा छैन। अब बाबा सम्झाउनु हुन्छ रावणको कारण तिमी पतित बनेका हौ। यी विकारलाई नै माया भनिन्छ। मायाजित, जगतजित। यो रावण सबैभन्दा पुरानो दुस्मन हो। अहिले श्रीमतबाट तिमी यी ५ विकारहरूमाथि विजय प्राप्त गर्छौ। बाबा आउनु भएको छ विजय प्राप्त गराउन। यो खेल हो नि। मायासँग हार्यो हार मायासँग जित्यो जित। जित बाबाले नै प्राप्त गराउनु हुन्छ, त्यसैले उहाँलाई सर्वशक्तिमान् भनिन्छ। रावण पनि कम शक्तिमान् छैन। तर उसले दु:ख दिन्छ त्यसैले गायन छैन। रावण धेरै दुष्ट छ। तिम्रो राजाई नै छिनेर लिन्छ। अहिले तिमीले बुझिसकेका छौ– हामी कसरी हार्छौ फेरि कसरी विजय प्राप्त गर्छौ? आत्माले चाहन्छ पनि, हामीलाई शान्ति चाहिन्छ। हामी आफ्नो घरमा जाऔं। भक्त भगवानलाई याद गर्छन् तर पत्थरबुद्धि हुनाको कारण सम्झदैनन्। भगवान बाबा हुनुहुन्छ, त्यसैले बाबाबाट अवश्य वर्सा मिल्छ। मिल्छ पनि अवश्य। तर कहिले मिल्छ फेरि कसरी गुमाउँछन् यो जानेका छैनन्। बाबा भन्नुहुन्छ– म यस ब्रह्मा तनद्वारा तिमीलाई बसेर सम्झाउँछु। मलाई पनि कर्मेन्द्रिय त चाहिन्छ नि। मेरा आफ्ना कर्मेन्द्रियहरू त छैनन् नि। सूक्ष्मवतनमा पनि कर्मेन्द्रियहरू हुन्छन्। हिँड्दा-डुल्दा जसरी मौन चलचित्र हुन्छ, यो आवाजमा चलचित्र निस्केकोले बाबालाई सम्झाउन पनि सजिलो भएको छ। उनीहरूको हो बाहुबल, तिम्रो हो योगबल। उनीहरू दुई भाइ पनि यदि आपसमा मिले भने विश्वमाथि राज्य गर्न सक्छन्। तर अहिले त फुट परेको छ। तिमी बच्चाहरूमा शान्तिको शुद्ध घमण्ड हुनुपर्छ। तिमी मनमनाभवको आधारबाट साइलेन्सद्वारा जगतजित बन्छौ। उनीहरू हुन् साइन्स घमण्डी, तिमी साइलेन्स घमण्डी आफूलाई आत्मा सम्झेर बाबालाई याद गर्छौ। यादबाट तिमी सतोप्रधान बन्छौ। धेरै सजिलो उपाय बताउनु हुन्छ। तिमीलाई थाहा छ– शिवबाबा आउनु भएको छ हामी बच्चाहरूलाई फेरि स्वर्गको वर्सा दिन। तिम्रो जुन पनि कलियुगी कर्मबन्धन छ, बाबा भन्नुहुन्छ– तिनलाई भुल। ५ विकार पनि मलाई दानमा देऊ। तिमी जुन मेरो मेरो भन्दै आएका छौ मेरो पति, मेरो फलाना, यो सबै भुल्दै जाऊ। सबै देखेर पनि त्यसबाट ममत्व मेटाऊ। यो कुरा बच्चाहरूलाई नै सम्झाउनु हुन्छ। जसले बाबालाई जानेका छैनन्, उनीहरू त यस भाषालाई पनि बुझ्न सक्दैनन्। बाबा आएर मनुष्यबाट देवता बनाउनु हुन्छ। देवताहरू सत्ययुगमा हुन्छन्। कलियुगमा हुन्छन् मानिसहरू। अहिलेसम्म पनि उनको निशानी छ अर्थात् चित्र छ। मलाई भन्छन् नै पतित-पावन। म त पतित (डिग्रेड) बन्दिनँ। तिमीहरू भन्छौ– हामी पावन थियौ फेरि डिग्रेड भएर पतित बनेका

छौं। अब हजुर आएर पावन बनाउनु होस् तब हामी आफ्नो घरमा जान्छौ। यो हो आध्यात्मिक ज्ञान। अविनाशी ज्ञान रत्न हो नि। यो हो नयाँ ज्ञान। अब यो ज्ञान सिकाइरहेको छु। रचयिता र रचनाको आदि-मध्य-अन्यको रहस्य बताउँछु। अहिले यो हो पुरानो दुनियाँ। यसमा तिम्रा जति पनि मित्र सम्बन्धी आदि छन्, देह सहित सबैबाट ममत्व निकाल।

अहिले तिमी बच्चाहरू आफ्नो सबै चीज बाबालाई सुम्पिन्छौ। बाबा फेरि स्वर्गको बादशाही २१ जन्मको लागि तिमीहरूलाई सुम्पिनुहुन्छ। लेन-देन त हुन्छ नि। बाबा तिमीलाई २१ जन्मको लागि राज्य-भाग्य दिनुहुन्छ। २१ जन्म, २१ पीढीको गायन छ अर्थात् २१ जन्म पूरा जीवन चल्छ। बीचमा कहिल्यै शरीर छुट्दैन। अकालमा मृत्यु हुँदैन। तिमी अमर बनेर अमरपुरीको मालिक बन्छौ। तिमीलाई कहिल्यै कालले खान सक्दैन। अहिले तिमी मर्नको लागि पुरुषार्थ गरिरहेका छौ। बाबा भन्नुहुन्छ– देह सहित देहका सबै सम्बन्ध छोडेर एक बाबासँग सम्बन्ध राख्नु छ। अब जानु नै छ सुखको सम्बन्धमा। दु:खको बन्धनलाई भुल्दै जान्छौ। गृहस्थ व्यवहारमा रहेर पवित्र बन्नु छ। बाबा भन्नुहुन्छ– मामेकम याद गर, साथ-साथै दैवी गुण पनि धारण गर। यी देवताहरू जस्तो बन्नु छ– यो हो लक्ष्य-उद्देश्य। यी लक्ष्मी-नारायण स्वर्गको मालिक थिए। यिनीहरूले कसरी राज्य पाए, फेरि कहाँ गए, यो कसैलाई थाहा छैन। अब तिमी बच्चाहरूले दैवी गुण धारण गर्नु छ। कसैलाई पनि दु:ख दिनु छैन। बाबा हुनुहुन्छ नै दु:ख-हर्ता, सुख-कर्ता। त्यसैले तिमीले पनि सुखको मार्ग सबैलाई बताउनु छ अर्थात् अन्धाहरूको लट्ठी बन्नु छ। अहिले बाबाले तिमीलाई ज्ञानको तेस्रो नेत्र दिनुभएको छ। तिमीलाई थाहा छ– बाबाले कसरी पार्ट बजाउनु हुन्छ। अहिले बाबा जुन तिमीलाई पढाइरहनु भएको छ फेरि यो पढाइ प्राय: लोप हुन्छ। देवताहरूमा यो ज्ञान रहँदैन। तिमी ब्रह्मा मुख वंशावली ब्राह्मण नै रचयिता र रचनाको ज्ञान जानेका छौ। अरू कसैले पनि जानेका छैनन्। यी लक्ष्मी-नारायण आदिमा पनि यदि ज्ञान भएको भए परम्परादेखि चल्दै आउथ्यो। त्यहाँ ज्ञानको आवश्यकता नै रहँदैन किनकि त्यहाँ हुन्छ नै सद्गति। अहिले तिमीहरू सबैथोक बाबालाई दान दिन्छौ फेरि बाबाले तिमीलाई २१ जन्मको लागि सबैथोक दिनु हुन्छ। यस्तो दान कहिल्यै हुँदैन। तिमीलाई थाहा छ– हामी सर्वांश दिन्छौं, बाबा यो सबै कुरा हजुरको हो। हजुर नै हाम्रो सब थोक हुनुहुन्छ। त्वमेव माताश्च पिता....। पार्ट त बजाउनु हुन्छ नि। बच्चाहरूलाई गोदमा पनि लिनु हुन्छ फेरि स्वयं नै पढाउनु हुन्छ। फेरि स्वयं नै गुरु बनेर सबैलाई लिएर जानु हुन्छ। भन्नुहुन्छ– तिमीले मलाई याद गर्यौ भने पावन बन्छौ फेरि तिमीलाई साथमा लिएर जान्छु। यो यज्ञ रचिएको छ। यो हो शिव ज्ञान यज्ञ, यसमा तिमी तन-मन-धन सबै स्वाहा गर्छौ। खुशीले सबै अर्पण हुन जान्छ। बाँकी आत्मा रहन्छ। बाबा, अब हामी हजुरको श्रीमतमा नै चल्छौ। बाबा भन्नुहुन्छ– गृहस्थ व्यवहारमा रहेर पवित्र बन्नु छ। ६० वर्षको आयु जब हुन्छ तब वानप्रस्थ अवस्थामा जाने तयारी गर्छन् तर उनीहरूले कुनै फर्केर जानको लागि कहाँ तयारी गर्छन्। अहिले तिमी सद्गुरुको मन्त्र लिन्छौ मनमनाभव। भगवानुवाच– तिमीले मलाई याद गर्यौ भने तिम्रो विकर्म विनाश हुन्छ। सबैलाई भन– हामी सबैको वानप्रस्थ अवस्था छ। शिवबाबालाई याद गरौं। अब जानु छ आफ्नो घर। अच्छा।

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सार:–**

१) कलियुगी सबै कर्मबन्धनहरूलाई बुद्धिबाट भुलेर, ५ विकारको दान गरेर आत्मालाई सतोप्रधान बनाउनु छ। एक मात्र साइलेन्सको शुद्ध घमण्डमा रहनु छ।

२) यस रुद्र यज्ञमा खुशीसँग आफ्नो तन-मन-धन सबै अर्पण गरेर सफल गर्नु छ। यस समय सबै कुरा बाबालाई सुम्पेर २१ जन्मको बादशाही बाबाबाट लिनु छ।

**वरदान:–** निमित्त भावको स्मृतिद्वारा हलचललाई समाप्त गर्ने सदा अचल अडोल भव

निमित्त भावबाट अनेक प्रकारका मैंपन, मेरोपन सजिलै समाप्त हुन्छ। यस स्मृतिले सबै प्रकारका हलचलबाट छुटाएर अचल-अडोल स्थितिको अनुभव गराउँछ। सेवामा पनि मेहनत गर्नु पर्दैन किनकि निमित्त बन्नेहरूको बुद्धिमा सधैं याद रहन्छ– जे मैले गर्छु, मलाई देखेर सबैले गर्नेछन्। सेवाको निमित्त बन्नु अर्थात् स्टेजमा आउनु। स्टेजतर्फ स्वत: सबैको नजर जान्छ। त्यसैले यो

स्मृति पनि सुरक्षाको साधन बन्छ पुग्छ।

**स्लोगनः–** सबै कुराहरूमा न्यारा बन्यौ भने परमात्मा बाबाको सहाराको अनुभव हुन्छ।